# COVID-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि-२०७६

COVID-19 का कारण मृत्यु भएका व्यक्तिहरुको शवको संसर्गबाट उक्त रोग अर्को ब्यक्तिमा सरेको प्रमाण हालसम्म फेला नपरेतापनि शव सदगतको क्रममा देहाय बमोजिम सावधानी अपानाई शव व्यवस्थापन गर्ने कार्य गरिने छ ।

(क) शव लिन जानु पूर्व शववाहनका चालक तथा कर्मचारीहरुले PPE को प्रयोग गर्नु पर्दछ ।

(ख) मृतकको कुलधर्म अनुसार शवको सम्मान गर्दै निजका उपस्थित आफन्तहरु समेतलाई सुरक्षित राख्नु पर्दछ ।

(ग) COVID-19 को कारण मृत्यु भएको शव जथाभावी सदगत गर्नु हुदैन् ।

(घ) शवलाई अस्पताल/घरबाट अन्तिम संस्कार गर्न लैजाने क्रममा अस्पतालका कर्मचारी, एम्बुलेन्सका कर्मचारी, सदगत गर्ने व्यक्तिहरु र सदगतमा सहभागि हुने मृतकका आफन्तजनले पञ्जा, चस्मा, टोपी, मास्क सहितको PPE प्रयोग गर्नु पर्दछ ।

(ङ) शवलाई कम भन्दा कम चलाउनु पर्दछ ।

(च) शवमा लागेका पाईप, केथेटर लगायतका सामाग्रीहरु हटाई दिनुपर्दछ ।

(छ) शवको कुनै भागबाट श्राव भईरहेको भए त्यस भागलाई होसियारीपूर्वक बन्द गर्नुपर्दछ ।

(ज) शव अन्तिम संस्कार गर्ने स्थलतर्फ लैजान साधारण शववाहनको प्रयोग गर्न सकिनेछ ।

(झ) शवलाई Disinfect गर्नु आवश्यक छैन ।

२०७६।१२।२७

(ञ) शवलाई चांडोभन्दा चांडो अन्तिम संस्कार गर्ने स्थलमा पुऱ्याउनुपर्दछ ।

(ट) शवको शरिरको कुनै भागबाट श्राव भएमा बाहेक शव राख्न विशेष ब्यागको आवश्यकता पर्ने छैन ।

(ठ) ६० वर्ष माथिका व्यक्तिहरु र दीर्घ रोगीहरुलाई शवको नजिक जानबाट रोक्नुपर्दछ ।

(ड) सदगत गर्नु पूर्व आफ्नो कुल/परम्परा अनुसार शवलाई नछोईकन जल छर्कने, पाठ गर्ने तथा फुलमाला चढाउने जस्ता क्रियाकलापहरु गर्न सकिनेछ ।

(ढ) मृतकका आफन्तले शव हेर्न चाहेमा शवलाई नछोईकन कम्तिमा एक मिटर टाढाबाट एक/एक जनालाई पालैपालो गरी हेर्न दिन सकिनेछ।

(ण) COVID-19 ले मृत्यु भएको ब्यक्तिको सामान्यता पोष्टमार्टम गर्नु पर्दैन । यदि गर्नु परेमा मृतकको फोक्सो तथा अन्य अंगहरुमा जिवाणु जिउदै हुन सक्ने हुनाले थप होसियारी अपनाउनु पर्दछ ।

(त) यथेष्ट भेन्टिलेसनको ब्यवस्था भएको कोठामा मात्र न्युन स्वास्थ्यकर्मीको उपस्थितिमा आवश्यक PPE प्रयोग गरेर पोष्टमार्टम गर्नु पर्दछ ।

(थ) COVID-19 का कारण मृत्यु भएका व्यक्तिको शव रहेको शव गृहमा उपयुक्त प्रकाश भेन्टिलेसन र सरसफाईको व्यवस्था गर्नु पर्दछ ।

(द) पोष्टमार्टम सकिने वित्तिकै प्रयोग गरेको सामाग्रीहरु Disinfect गर्नुपर्दछ ।

(ध) Clinical Waste हरुको सावधानीपूर्वक Dispose गर्नुपर्दछ ।

२०७६।१२।२५